गढवा गाउँपालिका

देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्ड : ५ फाल्गुन १ गते, २०७८ साल, संख्या : ४

## भाग - १

## गढवा गाउँपालिकाको सूचना ।

**नेपालको संविधानको धारा २२२ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# गढवा गाउँपालिका स्वास्थ्य नीति २०७८

## १. पृष्ठभूमिः

नेपालको संबिधानले निशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । गढवा गाउँपालिका सबै नागरिकलाई नेपालको संबिधान २०७२ अनुरुप स्वास्थ्य पोषण तथा सरसफाई सेवामा समान पहुँच र उपभोग सुनिश्चित गर्दै संघीय संरचनामा गुणस्तरिय आधारभुत स्वास्थ्य सेवाको प्रवाह गर्नु गढवागाउँपालिकाको दायित्व हो । यस गाउँपालिका भित्र नवजात शिशु तथा मातृ स्वास्थ्यमा सुधार गर्दै शिशू र मातृमृत्युलाई वाञ्छित तहसम्म घटाउनु, यस गाउँपालिकामा विद्यमान सर्ने तथा नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठनागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, अति विपन्न, सीमान्तकृत, जोखिममा रहेका

समुदाय, गर्भवती तथा सुत्केरी महिला, नवजात शिशु, पाँच वर्ष मुनिका बालबालिका, किशोर-किशोरीलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य, सरसफाई तथा पोषण सेवा सर्वसुलभ र पहुँच योग्य बनाउन गढवा गाउँपालिकाले दायित्वबोध गरेको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर नगरबासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनर्स्थापना गर्न गाउँपालिका भित्रका स्वास्थ्य, खानेपानी-सरसफाई तथा पोषण सम्वन्धि आवस्यकता र विद्यमान अवस्थाका आधारमा **गढवा गाउँपालिकाको स्वास्थ्य नीति २०७८** तयार गरिएको छ ।

## २. विगतमा गरिएका प्रयासहरुः

वि. सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीति घोषणा पश्चात आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुर्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वाथ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनीति अनुरुप गढवागाँउपालिका हुनु भन्दा अगाडी साविकका वडाहरु गोवरडिहा, गंगापरस्पुर, गढवा, कोइलाबास गाविसहरुमा स्वास्थ्य चौकी स्थापना गरिएको थियो र ती गाविसहरु मिलेर गढवा गाँउपालिका वने पश्चात सवै स्वास्थ्य संस्था यसै गाँउपालिका अन्तर्गत सञ्चालन हुँदै आएका छन् ।

वि.स. २०६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप गाँउपालिका अर्न्तगतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी गाँउवासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न गाँउपालिका अर्न्तगत स्वास्थ्य शाखाको स्थापना गरिएको छ भने गाँउपालिका मातहतका स्वास्थ्य चौकीहरु गाँउपालिकालाई हस्तान्तरण भएका छन् ।

साथै नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघिय संरचना अन्तर्गत हरेक वडामा स्वास्थ्य संस्थाको स्थापना गर्ने राष्ट्रिय स्वास्थ्य निति २०७१ र २०७६ को लक्ष अनुरुप यस गाँउपालिकाका सवै वडामा आधारभूत स्वास्थ्य इकाई स्थापना गरि हरेक वडामा स्वास्थ्य संस्था विस्तार भएको छ । हाल यस गाँउपालिका ४ वटा स्वास्थ्य चौकि, ४ वटा आधारभूत स्वास्थ्य, २ वटा सामुदायिक स्वास्थ्य इकाई गरि कुलः १० वटा स्वास्थ्य संस्था संचालित छन् ।

गढवा गाँउपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा अनुदान अर्न्तगतको रकम विनियोजन गरि प्रभावकारी कामहरु सम्पन्न गरिसकेको छ । गढवा

गाँउपालिकाले आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि  गाँउपालिकाको स्वास्थ्य बस्तुस्थिति झल्कने गरि स्वास्थ्य प्रोफाईल तथा बार्षिक प्रतिबेदन तयार गरेको छ ।

## ३. गढवागाउँपालिका को बर्तमान अवस्था :

दाङ जिल्लाको कुल जनसंख्याको करिब ३८६६३ (७.०५ प्रतिशत) जनसंख्या बसोबास गर्ने यस गाउँपालिकाको जनघनत्व १०८ जना प्रतिवर्ग किमि रहेको छ जुन प्रादेशिक ( २५३ जना प्रतिवर्ग किमि) भन्दा कम हो । यस गाउँपालिका ८२ °२८′ ०″ देखि ८२ ° ४८५०″ पुर्व देशान्तर र २७ ° ४१′ ५०″ देखी २७ ° ५०′ २०″ उत्तरी अक्षांस सम्म फैलिएको छ । यस गढवा गाउँपालिका साविकका गाविस गोवरडिहा, गंगापरस्पुर, गढवा  र कोइलाबास मिलेर बनेको छ। यस गाउँपालिकामा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न ४ स्वास्थ्य चौकी, २ सामुदायीक स्वास्थ्य इकाई,४ वटा आधारभूत स्वास्थ्य इकाई, ७ गाँउघर क्लिनिक, १६ खोप क्लिनिक, ८३ जना महिला स्वास्थ्य स्वयं सेविका छन भने आयुर्वेद तर्फको स्वास्थ्य सेवा प्रवाह गर्न १ आयुर्वेद औषधालय रहेका छन । यस्तै बिभिन्न किसिमका निजि स्वास्थ्य संस्थाहरुले स्वास्थ्य सेवा प्रदान गर्दै आएको भएतापनि **अस्पताल,**क्लनिक, पोलिक्लिनिकको रुपमा सुचिकृत निजी स्वास्थ्य संस्थाहरु छैनन् । आ.व. २०७७।७८मा DHIS-2 मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस पालिकामा ३४,८५४ जना नयाँ बिरामीले बहिरंग सेवा लिएका मध्ये २०८२१ अर्थात ५९।७ प्रतिशत महिलाहरु रहेका छन् । यस गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा ५६ जना स्वास्थ्यकर्मि तथा कर्मचारीहरुद्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ । स्वास्थ्यकर्मि र जनसंख्याको अनुपात हेर्दा २,०३५ जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा २,२७४ नै जनसंख्यालाई १ जना नर्स हुन आउँछ ।

यस गाउँपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा सानै उमेरमा गर्भवति भएका कारणले कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन् । बिगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा बृद्धि हुन नसक्नुमा दक्ष प्रसुतीकर्मीको अभाव, आपत्कालीन प्रसुती सेवा, पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा उल्लेख्य बृद्धि हुन सकेको छैन । यस गाउँपालिकामा ७९ प्रतिशत बालबालिकाले पूर्ण खोप पाएका छन ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि. नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ NDHS 2016 | गढवागाउँपालिकाको तथ्याङ्क | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत ( कुनैपनि बेला) | | | ८५.३ | ८३.६ | ७४.७ | ९० | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६७.३ | ७० | ५६.४ | ५६.७ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | | ५९.२ | ४६.१ | ४४.९ | ९० | |
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | ४८ | ३३ | २० | २७ | ६० | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५२.३ | ५४.५ | ४१.८ | ४३.५ | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ७१.२ | ८४.८ | ७९.१ | १०० | |

भौगोलिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक बिबिधता यस गाउँपालिकाामा विभिन्न रोगहरुवाट संक्रमितहरुको संख्या उल्लेख्य देखिन्छ । यस गाउँपालिकाको बार्षिक प्रतिबेदन २०७७७८ का अनुसार स्वास्थ्य सस्थम नियमित ४ पटक गर्भा जाच ५७ प्रतिसत, सुत्केरी गराउने ४४ प्रतिसत बिगत बर्ष भन्दा केहि बृद्धी भएता पनि प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराउने आमाहरुको प्रतिशत यथवात रहेको छ। बिश्वभरी महमरिको रुप्मा कोभिड १९ रोग फैलेको छ हाल नेपाल जनसन्ख्या को ३.१३

प्रतिशत सन्क्रमित रहेको अवस्था छ । गढवागाउँपालिका आ।व २०७७।७८ जम्मा कोभिड १९ बिरामी २०० मध्य १३ जनको मृत्यो भएको छ।

पछिल्लो समयमा आरामदायी जीवन शैली, मदिरा तथा सुर्तीजन्य पदार्थको सेवन, किटनाशक बिषादीको प्रयोग लगायतका कारणले मुटु तथा श्वासप्रश्वास सम्बन्धी रोगहरु, क्यान्सर, मधुमेह जस्ता दीर्घ रोगहरुको प्रकोप बढ्नुका साथै सडक दुर्घटनाका कारण शारिरिक असक्तता एवं मृत्यु पनि बढ्दो समस्याकारुपमा रहेको छ । आ.व. २०७७/७८ मा ३२ जम्मा विपन्न नागरिक उपचार कोष मार्फत निशुल्क सेवा लिन सिफारिस गरिएका सेवाग्राहीहरु मुट(१३जना) , क्यान्सर (१४जना), मृगौला(२जना), सिकलसेल(१जना), थलसिमिया(१जना) रहेका छन । गाउँपालिका मातहतमा रहेका बिभिन्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुरुपको भौतिक पूर्वाधार, दक्ष जनशक्ति, औजार तथा उपकरण र औषधि तथा अन्य सामग्रीहरुको आपूर्ति हुन आवश्यक छ । एकिकृत स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गरी सोको आधारमा कार्यक्रम तर्जुमा गर्नु आवश्यक रहेको छ भने निजी तहबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमन गर्नुका साथै सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्न सम्बन्धित सरोकारवालाहरु सँग हातेमालो गर्नु जरुरी छ ।उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हाँसिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिए तापनि राष्ट्रिय तथा प्रादेशिक तथ्याङ्कको अनुपातमा गाउँपालिकाको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोगमा बृद्धि गरी जनअपेक्षा अनुसार स्वास्थ्य सेवा प्रवाहका लागि थप कार्य गर्न जरुरी रहेको छ ।

# ४.गाउँपालिकामा विद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरू:

## ४.१. समस्या:

स्वास्थ्य क्षेत्रले कतिपय उल्लेखनीय सफलता हासिल गरिसकेको भएतापनि गढवागाउँपालिकाले सम्बोधन गर्नु पर्ने समस्या र चुनौतीहरू अझै विद्यमान छन । गढवागाउँपालिका भित्र भौगोलिक बिशिष्टता र समतामुलक हिसावले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सबै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच समान किसिमले पुग्न सकेको छैन । गाउँपालिकाका नागरिकहरुमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जस्का कारण श्वासप्रश्वास, झाडापखाला, हैजा, ज्वरो डेंगु जस्ता रोगहरु बेलाबेला फैलने गरेको छ । भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जान समेत कठिनाइकौ कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । अझै पनि यस गाउँपालिकाका गर्भवति महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने कारणले बाल तथा मातृ मृत्यु अझै बिधमान समस्याको रुपमा रहेको छ ।

संविधानको भावना अनुसार स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच पुऱ्याउन नसक्नु, स्वास्थ्य सेवा प्रवाहलाई जनभावना अनुरुप गुणस्तरीय बनाउन नसक्नु, स्वास्थ्य कर्मीहरुको वृद्धि विकासका साथै उत्प्रेरणा र प्रवृतीमा कमी, प्रमाणमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक गुणस्तरीय एवं एकिकृत सूचनाको संकलन, प्रशोधन, प्रतिवेदन, विश्लेषण तथा प्रयोग कम हुनु, निजी क्षेत्रको सूचना एकिकृत पद्धती नहुनु, खरिद तथा आपूर्ति व्यवस्थापनका लागि प्रक्षेपण, परिमाण निर्धारण, खरिद, गुणस्तर सुनिश्चितता आदिको लागि प्रयाप्त सूचना नहुनु, भण्डारण तथा बितरणको उपयुक्त व्यबस्था नहुनु, अत्यावश्यक तथा निःशुल्क औषधिको अबिछिन्न उपलब्धता र सहज पहुँचका लागि प्रर्याप्त वजेट र लगानी नपुग्नु, स्थानीय तहहरुमा स्वास्थ्यको अपर्याप्त संस्थागत क्षमता, सुशासनका व्यवहारहरु जस्तै वडापत्र, सामाजिक परिक्षण आदि प्रभावकारी रुपमा पालना नगरीनु, जनप्रतिनिधि र स्वास्थ्यकर्मी विचको वुझाईमा भिन्नता र अस्पष्टता रहनु तथा निजी क्षेत्रलाई नियमनको दायरामा ल्याउन कठीनाइ हुनु जस्ता समस्याहरु बिद्यमान रहेका छन् ।  यसका साथै लक्ष्यमा आधारित कार्यक्रममा जोड नहुनु, स्वास्थ्य संथा ब्यबस्थापन समितिको बैठक नियमित तथा ब्यबस्थित नहुनु, ब्यबस्थापन समितिको बैठकमा बिश्लेषणत्मक छलफल नगरीआर्थिक पाटोमा मात्र बढि केन्द्रित रहनु, स्वास्थ्य संथाहरुमा मासिक कर्मचारि बैठक नियमित नहुनु। वाताबरणीय प्रभावले मानवीय स्वास्थ्यमा पार्ने समस्याहरुको उचित ब्यावस्थापन गर्न नसक्नु, सडक दुर्घटना, व्यवसायजन्य स्वास्थ्य, मानसिक स्वास्थ्य लगायत अन्य क्षेत्रमा देखिएका समस्याहरुको उचित व्यबस्थापन गर्न नसक्नु साथै स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरुको आशातित प्रतिफल प्राप्त नहुनु आदीमा समस्याहरु रहेका छन ।

## ४.२. चुनौतीः

परिवर्तित सन्दर्भमा विभिन्न तहगत तथा अन्य प्रशासनिक निकायहरु विचको प्रभावकारी समन्वय, स्रोत तथा साधनहरुको यथोचित उपलब्धता एवं व्यवस्थापन, प्रबिधी मैत्री जनशक्ति तथा एकिकृत सूचना प्रणाली र स्वास्थ्य सूचनाहरुको विश्लेषण र व्याख्या गर्ने सिप र दक्षता, स्वास्थ्य सेवामा गुणस्तरको सुनिश्चितता, स्वास्थ्यमा गर्नुपर्ने लगानीको समान वुझाई, प्रभावकारी आन्तरिक नियन्त्रण, लक्षित वर्गको पहिचान गरी सर्वव्यापी पहुँच स्थापित गर्नु, सामाजिक तथा सांस्कृतिक व्यवधानहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार बिभिन्न तहमा सञ्चालित कार्यक्रमको संचालन र अनुगमनमा कठिनाइ, विधि र व्यवहारमा संघीय प्रणाली अनुसार परिवर्तन गर्नु गराउनु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । केही स्थानमा भौगोलिक विकटता, शिक्षा र चेतनाको न्यून स्तर, सडक, विजुली, टेलिफोन, शुद्ध खानेपानीको  अपर्याप्तता जस्ता बाधा अड्चनहरुले आधारभुत स्वास्थ्य सेवाको समुचित व्यवस्था गर्न चुनौतिपूर्ण अवस्था रहेको छ । साथै स्वास्थ्य क्षेत्रको समग्र विकास तथा समानुपातिक तथा सहभागितामुलक स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच स्थापित गर्न आवश्यक नीति तथा

कानुनको अभाव, अपर्याप्त आवश्यक पूर्वाधार तथा जनशक्ति आदि चुनौतीहरू बिद्यमान रहेका छन् ।

### ४.३. अवसर:

गढवागाउँपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्न सक्नु, एकिकृत सूचना प्रणालीको स्थापना गरी सूचनाको सहि प्रयोग गर्न सकिने अवस्था, प्रविधिको पहुँचमा बृद्धि, गाउँपालिकाको स्वास्थ्य क्षेत्र वित्तीय रणनीति बनाई लागू गर्न सकिने, लागत सहितको कार्ययोजना बनाई लागू गर्न सकिने, जनप्रतिनिधिको उपस्थितिमा अनुगमन गर्ने व्यवस्था तथा जनप्रतिनिधिहरुको उत्साह र प्रतिवद्धता रहनु स्वास्थ्य क्षेत्रको अवसरको रुपमा रहेका छन् । सर्वसाधारण नागरिकमा स्वास्थ्य सेवाको महत्व बारे जनचेतना बढ्दै जानु राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा स्वास्थ्य सेवालाई गुणस्तर बनाउने कुरामा जोड दिनु संविधान प्रदत एकल तथा साझा अधिकारका सुचि विस्तृतिकरण भई स्पष्ट रुपमा स्थानिय स्वास्थ्य सेवाको जिम्मेवारी पालिकामा रहनु, गाउँपालिका सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने सकिने आदि स्वास्थ्य क्षेत्रको विकासको लागि अवसरहरु रहेका छन् ।

## ५. गाउँपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु:

### ५.१. औचित्य:

स्वास्थ्य क्षेत्रले विगतका केही दशकमा हासिल गरेका उपलब्धिहरूलाई दिगो बनाउँदै सेवामा अविछिन्नता कायम राख्दैविद्यमान स्वास्थ्य समस्या तथा चुनौतिहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरूप प्राप्त अधिकार क्षेत्र तथा दायित्व अनुरुप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । गाउँपालिकाको प्राथमिकता अनुकुल हुने गरी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि गाउँपालिकाले स्वास्थ्य नीति प्रतिपादन गर्न अपरिहार्य छ ।

### ५.२. निर्देशक सिद्धान्त:

गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मुल निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरीएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गढवागाउँपालिकाको स्वास्थ्यनीति, २०७८ को कार्यान्वयन गरिनेछ ।

१. आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार र गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच
२. अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा
३. सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा
४. तथ्यमा आधारित योजना, पर्याप्त लगानी र कुशल व्यबस्थापन
५. सुशासन, जवाफदेहिता र पेशागत आचरण प्रति प्रतिबद्धता
६. वैकल्पिक चिकित्सा पद्धतीको संरक्षण, प्रवर्धन तथा अनुसन्धान

## ५.३. भावी सोचः

गढवागाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

## ५.४ ध्येयः

उपलब्ध साधन र स्रोतको अधिकतम प्रयोग गरी क्षेत्रगत सरोकारवालाहरू बीच समन्वय र सहकार्यलाई सुदृढ एवं सुव्यबस्थित गर्दै नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने ।

## ५.५. लक्ष्यः

समतामुलक, न्याय संगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा गाँउवासीको स्वास्थ्य सेवाको पहुँच र उपभोग बृद्धि गर्ने ।

## ५.६. उद्देश्यहरूः

१. गाउँपालिकाबासीलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने तथा आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नहुने वातावरण सृजना गर्ने ।

२. सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधि, औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

३. स्वस्थ जीवन शैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय तथा वाताबरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सृजना गर्ने ।

४. प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।

५. स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने ।

## ६. नीतिहरु:

गढवागाउँपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै गाउँपालिकाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरिएको छ।

५.१ सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिने छ ।

५.२ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई गुणस्तरीय, जवाफदेहिता, सृजनशिल जनमुखी एवं परिणाममुखी बनाईने छ।

**५.३** गाउँपालिका भित्र गुणस्तरीय स्वास्थ्य सेवा विशेषज्ञ सहितको पहुँचलाई सहजीकरण गर्न मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको बिकास र बिस्तार गरीनेछ।

५.४ न्यूनतम सेवा मापदण्ड (Minimum service standard) कार्यान्वयन तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ।

५.५ सामुदायीक, निजि तथा गैह्र सरकारी तथा निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गरिनेछ।

५.६ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाँउपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ।

५.७ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ।

५.८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको ब्यवस्थापन गरिनेछ।

५.९ स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ।

५.१० स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिनेछ।

५.११ आयूर्वेद तथा गाँउपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयात्माक रुपमा सेवा प्रवाहलाई व्यबस्थित गरिनेछ ।

५.१२ फोहरमैलाको उचित व्यवस्थापन, पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रवर्द्धन र व्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

५.१३ महामारी, विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुनःस्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।

५.१४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ ।

५.१५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।

५.१६ बिभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं समुदायमा विद्यमान अन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।

५.१७ नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्येसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरि स्वस्थकर जिवनयापन गर्न प्रोत्साहन र प्रर्वद्धन गरिने छ ।

५.१८ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ ।

५.१९ स्वास्थ्य सेवालाइ सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिका भित्र एक अस्पताल तथा जनसंख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था/केन्द्र हरुको व्यवस्था गरिनेछ ।

## ६. नीति अर्न्तगतका रणनीतिहरु :

**नीति १. सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिने छ ।**

- राष्ट्रिय मापदण्ड बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु गाँउपालिकाका सवै वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था स्थापना गरी निःशुल्क उपलब्ध गराईनेछ । आवश्यकता अनुसार तोकिएका आधारभूत स्वास्थ्य सेवामा थप सेवाहरु समावेश गरीनेछ, थप गरिएका सेवाहरुको व्ययभार पालिकाले व्यवस्थापन गर्नेछ ।

- भुगोल र जनघनत्वका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।
- गाउँपालिका र स्वास्थ्य संस्थाको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गर्न कार्ययोजना बनाइ लागू गरिनेछ ।
- संघ तथा प्रदेश तहबाट निर्देशित गरिएका विभिन्न राष्ट्रिय कार्यक्रमहरुको प्रभावकारी रुपमा व्यवस्थापन गरि संचालन गरिनेछ । तोकिएका आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता तथा गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेश सँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरीने छ ।
- संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औषधी उपकारणहरुको व्यवस्थापन गरिनेछ । न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणालीलाई सुदृढ गरीने छ ।
- समुदाय तथा विद्यालयहरुमा आधारभुत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन विद्यालय नर्स, स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यबस्था साथै स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ, संस्था र आम नागरिकहरु परिचालन गरीनेछ ।
- मातृ तथा नवशिशु र गर्भवती महिलाहरुको आकस्मिक अवस्था व्यवस्थापनको लागि पालिका तथा प्रत्येक स्वास्थ्य संस्थामा कार्यविधि तयार गरी "आकस्मिक प्रशुति कोषको स्थापना गरिने छ । प्रशुति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु २४ घण्टा संचालन हुने व्यवस्था मिलाईने छ ।
- समुदाय तथा विद्यालयहरुमा आधारभुत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन विद्यालय नर्स, स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यबस्था साथै स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरिकहरु परिचालन गरीनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिने छ ।

**निति २.स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई गुणस्तरीय, जवाफदेहिता, सृजनशिल जनमुखी एवं परिणाममुखी बनाईने छ ।**

- स्वास्थ्य सेवा प्रदायक व्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई गाउँपालिकाभर प्रभावकारी रुपमा लागू गरिनेछ ।
- स्वास्थ्य पूर्वाधार निर्माण, आपूर्ती व्यबस्था लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलिकृत गर्न संघ तथा प्रदेश संग समनजस्यता हुने गरि स्वास्थ्य क्षेत्र सुशासन तथा आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गरीने छ ।

स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ ।

- स्वास्थ्यकर्मिलाई आफ्नो काम, कतब्य प्रति जवाफदेही बनाईने छ । सेवा ग्राही सन्तुष्टी, मूल्याकन प्रणाली निरन्तर रुपमा गरिनेछ ।
- स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई नागरिक बडापत्रको व्यवस्था गरिनुका साथै सेवा प्रवाहमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरीनेछ ।
- स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था, दातृ निकाय तथा नीजि क्षेत्रहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि गाँउपालिकाको मुलधारमा ल्याई आवश्यक सहजीकरण र अनुगमन गरीने छ ।
- गाउँपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार संबन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- २०७५को निर्देशिका अनुसार स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिहरूको गठन र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरीसशक्त एवं जिम्मेवार बनाइ सेवा सुदृढ गरिनेछ ।

**नीति : ३ गाउँपालिका भित्र गुणस्तरीय स्वास्थ्य सेवा विशेषज्ञ सहितको पहुँचलाई सहजीकरण गर्न मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको बिकास र बिस्तार गरीनेछ ।**

- संघीय र लुम्बिनी प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गरिनेछ ।
- गाउँपालिका भित्रका साबिकका स्वास्थ्य संस्थाहरु स्तरोन्नती गरी विशेषज्ञ सेवा विस्तार गरि निदान तथा उपचार पद्दती सुदृढ गरिने छ ।
- प्रत्येक स्वास्थ्यसंस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना तथा बिस्तार गर्दै लगिनेछ ।
- नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सा सेवालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुमा स्वच्छ खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित) र इन्टरनेट सेवाको व्यवस्था गरिने छ । प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ ।
- स्वास्थ्य सेवा प्रदान गर्ने निकायबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चिताको लागि गाँउपालिका स्तरमा आवश्यक अनुगमन तथा मूल्याकंन संयन्त्रको व्यवस्था गरीनेछ ।

- विभिन्न स्वास्थ्य दिवसको अवसर पारी जनचेतनामुलक अभियान सञ्चालन गरिनेछ ।

**नीति : ४ न्यूनतम सेवा मापदण्ड** (Minimum service standard) **कार्यान्वयन तथा राष्ट्रिय चिकित्सा मापदण्ड** (National Medical Standard) **अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।**

- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरीनेछ ।
- गाँउपालिका अर्न्तगतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सूची तयार गरी खरिद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।
- संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधि जन्य सामाग्रीहरु गाँउपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध हुने व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य संस्थामा अत्यावस्यक औषधी तथा सामाग्रीको नियमित उपलब्धताको सुनिश्चित गर्न स्वास्थ्य संस्थामा आकस्मिक औषधी तथा उपकरण खरिद को लागि अनिबार्य रुपमा बजेट बिनियोजन गरि लागु गरिने छ । उपकरणहरुको मर्मत तथा सम्भारकालागि सम्बन्धीत निकायसँग समन्वय गरिनेछ ।
- गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरीनेछ ।
- दातृ निकाय वा अन्य कुनै सहयोगी संघ संस्थाबाट स्वास्थ्य संस्थाको लागि हुने कुनै पनी औषधि तथा सामग्रीजन्य सहयोग पालिकाको एकद्वार प्रणालीमार्फत मात्र हुने व्यवस्था छ ।
- स्वास्थ्य संस्था स्तरमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको रोहबरमा औषधी तथा सामग्री को दाखिला गर्ने, म्याद गुज्रेका औषधी तथा सामाग्री नस्ट गर्ने र आवस्यक औषधी माग गर्ने प्रक्रियालाई अनिवार्य गरिने छ ।
- प्रत्येक वर्ष तथ्यमा आधारित औषधी खरिद योजना प्रक्रिया अबलम्बन गरिनेछ । स्वास्थ्य संस्थामा र पालिका स्तरमा औषधि तथा सामग्रीको आकस्मिक माग बिन्दु र स्वीकृत मौज्दात परिमाण लाइ सन्तुलन मा राख्ने व्यवस्था अनिबार्य गरिने छ । खरिद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।

**नीति : ५ सामुदायीक, निजि तथा गैह्र सरकारी तथा निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गरिनेछ ।**

- गाँउपालिका भित्र सबै प्रणालीका उपचार सेवा, निदानात्मक सेवा, प्रयोगशाला सेवा, फिजियोथेरापी जस्ता सेवा प्रदायक निजी संस्थाको

दर्ता तथा सञ्चालन अनुमति दिने तथा कानून बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

- गाउँपालिकामा एक जना जनस्वास्थ्य निरिक्षकको व्यवस्था गरी स्वास्थ्य प्रवर्द्धन, अनुगमन तथा क्षमता अभिबृद्धी गर्ने कार्यमा परिचालन गरिने छ ।
- गाउँपालिकाभरिमासम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाइ प्रभावकारी बनाइनुका सहकार्य तथा साझेदारी गर्न प्रोत्साहन गरीने छ ।
- सेवामा दोहोरोपना हुन नदिन एकद्वार नीति अबलम्बन गरीने छ । सार्वजनिक तथा निजी क्षेत्रले आफ्नो प्रगति प्रतिवेदन नियमित रुपमा पालिकामा पेश गर्ने व्यवस्था मिलाईने छ ।
- सार्वजनिक तथा निजी क्षेत्रको सहभागीताको अवधारणलाई थप प्रोत्साहित तथा व्यवस्थित गरिने छ ।

**नीति : ६ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाँउपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।**

- गाउँपालिकाको कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गरी सो बजेटमा क्रमश बृद्धि गरिनेछ ।
- संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रम लागू गरी गाँउवासीका स्वास्थ्य बीमा सुनिश्चित गरीनेछ । अति गरीब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।
- स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक-निजी साझेदारी" रणनीति बनाई लागू गरीने छ ।
- निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गर्न आवश्यक साझेदारी गरिनेछ ।
- निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलतः जनस्वास्थ्य प्रवर्धनको क्षेत्रमा लगानी गर्न आवश्यक वाताबरणको सृजना गरीनेछ ।
- अति गरिव, असहाय, द्वन्द पीडित तथा अन्य लोपोन्मुख जातीलाई गाउँपालिकाले परिचयपत्र प्रदान गरीसम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिने छ ।
- प्रेषण प्रणाली लाइ व्यवस्थित बनाइ दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको सहजिकरण र ब्यवस्थापन गरिने छ । संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीने छ ।
- अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था मिलाइनेछ ।

- लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा गाउँ/गाउँपालिकापुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ ।

**नीति : ७ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।**

- प्रत्येक स्वास्थ्य संस्थाहरु, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा DHIS – २ को विस्तार गरी बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने ब्यवस्था सुनिश्चित गरीनेछ ।
- गाँउपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरीने छ ।
- तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरीनेछ ।
- स्वास्थ्य सुचना प्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।
- संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलव्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै संस्थागत स्मृती संरक्षणका लागि उचित व्यवस्था गरिनेछ ।
- स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न गाँउपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने, तथा अध्ययन तथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वयन गरिनेछ ।
- EWAR Reporting लाई आवश्यकता अनुसार स्वास्थ्य संस्था सम्म विस्तार गरी तुरुन्त रिर्पोटि• हुने व्यवस्थाको विकास गरिनेछ ।
- गाउँपालिका स्वास्थ्य प्रोफाईललाई प्रत्येक बर्ष अधावधिक गरिनेछ ।

**नीति : ८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको ब्यवस्थापन गरिनेछ ।**

- बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती ब्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तव्यप्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरीने छ ।

- स्वास्थ्य सेवालाई गाँउपालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गरी वैज्ञानिक आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य क्षेत्रमा स्रोतको समूचित परिचालन गर्दै समयानुकुल स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य कर्मिको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ ।
- बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती ब्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ ।
- स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।
- स्वास्थ्य सेवा प्रदायक ब्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी ब्यवस्थालाई उपमहानगरपालिका भर प्रभावकारी रुपमा लागू गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समयसापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि निरन्तर परिचालन तथा योगदानको कदर गर्दै प्रोत्साहन गरिनेछ ।

**नीति : ९ स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ ।**

- स्वस्थ सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रबर्धनको लागि समुदायका राजनितिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरीने छ ।
- दुर्घटना लगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरीनेछ ।
- सेवा प्रदायकलाई स्वास्थ्य सुचना प्रवाहमा जिम्मेवार वनाउदै सुचनामैत्री स्वास्थ्य संस्थाको विकास गरिने छ ।
- स्वास्थ्य सेवाग्राहीको सुचनाको गोपनियता र हकलाई सुनिश्चित गर्न कार्यवीधि बनाई लागू गरिनेछ ।
- विद्यालय, क्याम्पस तथा पेशागत जोखिम अधिक हुने संस्थाहरुमा स्वास्थ्य सूचना कक्षको स्थापना गरिनेछ ।
- प्रमूख सार्वजनिक स्थलहरुमा विद्युतीय माध्यम मार्फत स्वास्थ्य सन्देशहरु प्रवाह गरिने छ ।

**नीति : १० स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिनेछ ।**

- स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थको येथेष्ट उत्पादन, उचित प्रयोग र पहुँचलाई बृद्धि गर्न बहुक्षेत्रिय सहकार्यलाई जोड दिईनेछ । पोषण सम्बेदनशिल कृषि कार्यलाई व्यवस्थित तरीकाले बढावा दिइदै लगिनेछ । प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण अपनाई सुरक्षित तरिकाले उपभोग गर्न प्रोत्साहित गरिनेछ ।
- खाद्य वस्तु उत्पादनमा लागेका कृषकहरुलाई रैथने वालीहरु जस्तै कोदो, जौ, फापर, स्थानीय आलु जस्ता कृषि उपजहरुको उत्पादकत्वमा बृदि गर्न प्रोत्साहन गर्दै लगिनेछ । कृषि सेवा तथा पशु सेवा केन्द्रहरुसँग समन्वयन गरेर कृषकहरुलाई पोषण सम्बन्धि कक्षाहरुको व्यवस्था मिलाइनेछ ।
- पालिकाको पहलमा उन्नत जातका बिऊ बिजनको व्यवस्थापन गर्न पहल गर्दै उत्पादन बृद्धि गरीनेछ । साथै उत्पादित बस्तुको व्यवस्थित बजारिकरणको व्यवस्थापन गर्न पालिकालाई निरन्तर सहयोग गरिनेछ । उत्पादित पौष्टिक खाद्यपदार्थको प्रशोधन तथा बजारीकरणका लागी प्रोत्साहन र सहुलियत जन्य कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- खाद्य विविधीकरणमा जोड दिदै पोषण व्यवहार सुधार तथा पत्रु खानालाई निरुत्साहित गर्ने सम्बन्धी सामाजिक ब्यबहार परिवर्तनका कार्यक्रमहरु लागु गरिने छ । पोषणयुक्त बाल पौष्टिक आहार, विदालय दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर सुनिश्चित गर्ने प्रावधान बनाईनेछ । गाँउ पालिका अर्न्तगत संचालन हुने कुनै पनि कार्यक्रममा खाजाको रुपमा रैथाने वालिबाट बनाइएका खाजा प्रयोग गरिनेछ ।
- खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन, बिक्रि बितरणको लागी नियमन गरिने छ । गाउँपालिकाको नाकामा पशु स्वास्थ्य परिक्षणको व्यवस्था मिलाई स्वस्थ पशुलाई मात्र पालिका प्रवेश गर्ने वातावरण निमार्ण गर्न पालिकालाई सहयोग गरि स्वस्थ्य मासु तथा दुधको प्रयोग सुनिश्चित गरिनेछ । कुनै पनि उत्पादित तयारी खानेकुराहरुमा अनिबार्य लेवलिङ तथा समयावधिको अनिवार्य व्यवस्था गरिने छ ।
- दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । महिला तथा बालबालिकाको पोषण अबस्था सुधारको लागी पोषिलो परिकार तयारी गर्ने सिपको विकास र प्रयोग गर्ने पद्धतीको विकास गर्दै लगिने छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयसँग समन्वयन गरि विभिन्न पोषिलो परिकार तयारी गर्ने सिप विकास तालिमको व्यवस्था मिलाईनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम, शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धीत कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी

बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना, सुदृढीकरण एवं बिस्तार गरिनेछ ।

**नीति : ११ आयूर्वेद तथा गाँउपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयात्माक रुपमा सेवा प्रवाहलाई ब्यबस्थित गरिनेछ ।**

- गाउँपालिकामा उपलब्ध हुने जडिबुटीहरुलाई विशेष योजना बनाई उत्पादनमा बृद्दि गर्दै व्यवसायिक गर्दै लगिनेछ । अनिधिकृत रुपमा जडिवुटीको बेचबिखन पूर्ण रुपमा निस्तेज गर्दै, गाउँपालिकाको पहलमा व्यवस्थित बिक्रि बितरणको व्यवस्था मिलाईनेछ
- आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सकीय प्रणालीको अनुचित गतिविधिको नियमन गरी त्यस्ता गतिविधिहरुलाई निरुत्साहित गर्दै नियमित अनुगमन र नियमन गरी व्यवस्थित गरिनेछ ।
- आयुर्वेद सेवाको विकास र प्रभावकारी कार्यान्वयनको लागी संघ र प्रदेशसँग समन्वयन गरी आवश्यक संरचनाको विकास र विस्तार गर्दै लगिनेछ । आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको स्थापना गरिने छ ।
- राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरिनेछ । साथै निश्चित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित तथा नियमन गरिनेछ।

**नीति : १२ फोहरमैलाको उचित ब्यवस्थापन, पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रवर्द्धन र ब्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।**

- गाउँपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ । समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन गरिने छ । खुला दिशामुक्त गाउँपालिकाबाट पूर्ण सरसफाइ युक्त गाउँपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धाणर, कार्यान्वयन र नियमन गरिनेछ ।
- घरायसि कामबाट निष्कासित घरायसि फोहोरहरु जस्तै खेर गएका काचो तथा पकाएका खानेकुरा, पशुहरुका मल मुत्रहरु आदिलाई प्रा·गरिक मलको रुपमा

प्रयोग गर्ने बानीको विकास गर्दै लगिनेछ । घरायसि कामकाजबाट निष्कासित पानीलाई संकलन गरी करेसाबारी सिंचाईको लागी प्रयोग हुने वातावरण मिलाईनेछ । बजार क्षेत्र तथा बाक्लो बस्ति भएका स्थानमा फोहेर संकलनका लागी पालिकाको पहलमा कन्टेनरको व्यवस्थाका साथै संकलित फोहोरको उचित व्यवस्थापन तथा विसर्जनको व्यवस्था गरिनेछ ।

- गाउँपालिका भित्र जल, वायु, ध्वनी लगायत अन्य वाताबरणीय प्रदुषण नियन्त्रण गर्न लागि सम्बन्धित निकायहरुसंग समन्वय गरीने छ ।
- किटनाशक बिषादीको प्रयोगलाई निरुत्साहित गर्दै औधोगिक रसायनको समुचित विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरीनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुमा फोहोरमैला व्यस्थापनको लागि फोहोर संकलन गर्ने बाल्टिन, संक्रमण तथा प्रदुषण निवारण र निर्मलीकरण गर्ने सम्बन्धि आबश्यक औजार र सामग्रीहरु, प्लासेन्टा पिट र फोहोर जलाउने खाडल को मापदण्ड अनुसार व्यवस्था गरिने छ । सार्बजनिक स्थलहरुमा फोहोरमैला व्यवस्थापन तथा संक्रमण नियन्त्रण सम्बन्धि कार्यलाई राष्ट्रिय मापदण्ड अनुरुप कार्यान्वयनमा ल्याइने छ ।
- पेशागत स्वास्थ्य सुरक्षाका लागि ्आइपर्ने जोखिमहरु न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईने छ ।
- पर्यावरण र वातावरणीय परिवर्तन साथै कार्यस्थलको वाताबरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्न सक्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी संचालन गरीनेछ ।

**नीति : १३ महामारी, विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुनःस्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।**

- महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा गाउँपालिका प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरीने छ ।
- गाउँपालिका तथा वडा स्तरिय स्वास्थ्यक्षेत्र आपतकालिन पूर्वतयारी योजना निर्माण गरी कार्यान्वयन गरीनेछ ।
- सम्भावित विपद वा प्रकोपलाई व्यवस्थापन कार्यका लागि प्रदेश सरकार संगको सहकार्यमा गाउँपालिका स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र (Municipal Health Emergency Operation Centre) स्थापना गरी वडादेखि गाउँपालिकातहसम्म द्रुत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरीनेछ ।

- प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्न उचित स्थान छनौट गरी ट्रमा सेन्टर स्थापना गरिने छ र सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान वा स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि उपकरण तथा अन्य सामाग्रीको जगेडा को रूपमा राखिनेछ ।
- गाउँपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली (RRT) तथा सरकार संगको समन्वयमा आकस्मिक चिकित्सकीय टोली (EMT) गठन गरी अन्य उद्दार टोली संग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ ।
- विपद व्यवस्थापन, जोखिम नियुनिकरण, स्वास्थ्य प्रर्वधन लगायतका समग्र स्वास्थ्य सेवामा नागरिक र समुदायको सकृय सहभागीता तथा योगदानलाई प्रोत्साहित गरिनेछ ।

**नीति : १४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिनेछ ।**

- प्राकृतिक विपत्ति, महामारी पिडीत र असहाय नागरिकहरुलाई आपतकालीन अवस्थामा औषधि उपचारमा सहयोग गर्नको लागि गाँउपालिका अध्यक्षको संयोजनमा एउटा “अध्यक्ष सहायता कोष” स्थापना गरिनेछ ।
- स्वास्थ्य बीमाको दायरा बढाइ गाउँपालिकाका सबै नागरिकको स्वास्थ्य बीमामा आबद्ध गराइनेछ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाइ थप प्रभावकारी बनाउदै लगिनेछ । अति गरीब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।
- स्वास्थ्य बिमा लगायत अन्य योजनाहरु मार्फत विशेषज्ञ स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको सेवामा पहुँच सुनिश्चितता गरीनेछ ।
- पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलव्ध हुने व्यवस्था मिलाईनेछ ।
- लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समूदायका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकता दिई सोही समूदायमा परिचालन गर्ने योजना बनाई लागू गरीनेछ।
- गाँउपालिकाको आवश्यकता र क्षमतालाई मध्यनजर गर्दै कामको सिलसिलामा वा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न बिशेष कार्यक्रम बनाई लागू गरीनेछ ।
- गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि सामुदायिक नर्स मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

**नीति : १५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।**

- राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार पालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषणसंग सम्बन्धीत कार्यक्रमलाई वडा तथा स्वास्थ्य सँस्था संग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ ।
- बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (बिद्यालय पोषण-दिवा खाजा, जुकाको औषधि वितरण,स्वास्थ्य परीक्षण, किशोर किशोरी सेवा) संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि विद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।
- गाँउपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाइने छ ।
- सुनौला हजार दिनका आमा शिशु तथा किशोरीहरुको उचित संरक्षण र विकासको लागि बहुक्षेत्रिय पोषण योजना (MSNP) को प्रभावकारी कार्यान्वयन गरिने छ ।
- बिभिन्न वर्ग, जाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरीनेछ ।
- सुरक्षित गर्भपतन सेवालाई थप व्यबस्थीत गर्दै गुणस्तरीय र प्रभावकारी बनाईने छ । लैंगिक पहिचानको आधारमा गरीने गर्भपतनलाई पूर्णरुपमा निरुत्साहित गरीनेछ ।
- गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरीनेछ ।
- मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बाल मृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरि आवधिक कार्ययोजना तयार गरि लागू गरिनेछ ।
- सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।
- बर्थिङ सेन्टर प्रसुती केन्द्रहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात  शिशु कर्नर को सुबिधा उपलब्ध गराइनेछ ।
- नवजातशिशु तथा बाल रोगको एकिकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ । आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गाउँपालिका तहको प्राथमिक अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरीनेछ ।

**नीति : १६  बिभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं समुदायमा विद्यमान अन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।**

- क्षयरोग, कुष्ठरोग, HIV AIDS, जस्ता सरुवा रोगहरुको रोक थाम नियन्त्रण निवारण र उन्मूलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरीनेछ ।
- रेबिज, सर्पदंश लगायतका पशुपन्छीजन्य र किटजन्य रोगहरु जस्तै मलेरिया, डेंगु, हात्तिपाइले, स्क्रब टाइफस, कालाजार आदी रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि सेवा बिस्तार गरिनेछ ।
- सकलसेल तथ थालेसिमिया रोग्को रोग्थम र निशुल्क उपचारको लागि उचित योजना बनए कार्यवन्यन गरिनेछ
- संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न सम्बन्धी कार्यक्रम कार्यान्विनयनको अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ ।
- समयमै रोगको पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु संचालन गरिनेछ ।
- खोपबाट गर्न सकिने रोगहरुको रोकथाम नियन्त्रणका तथा निवारणका लागि निगरानी कार्य  गरी गाउँपालिकालाई पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ  र यसलाई निरन्तरता दिइने छ ।
- सुचिकृत रोगहरुको सुचित गर्ने पद्धती (Notification System) विकास गरि कार्यन्वयन गरिनेछ ।
- कोरोना महामारी लगायत संक्रामक तथा अन्य रोगबाट सिर्जना हुने स्वास्थ्य जोखिमको न्युनीकरण गर्न रोगको रोकथाम, नियन्त्रण र उपचार तथा गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधी एवम् उपकरण, स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धि र सेवा विस्तार, परीक्षणका (कोरोना) दायरा बढाउन, व्यवस्थित क्वारेन्टाइन केन्द्रहरुको स्थापना गर्न र नागरिकमा सिर्जना भएको त्रासलाई सम्बोधन गर्न आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ ।

**नीति : १७  नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्येसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरि स्वस्थकर जिवनयापन गर्न प्रोत्साहन र प्रर्वद्धन गरिने छ ।**

- सुर्तिजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा किनवेच लाई निरुत्साहीत गरी यसको प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग  नियन्त्रण तथा नियमन गर्ने कानून बनाई कार्यान्वयन गरिनेछ ।
- मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्नका लागि आधुनिक तथा आयूर्वेद चिकित्सा पद्धतीबाट, मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरीनेछ ।

- मुटुरोग, मधुमेह, मृगौला रोग, दिर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरुको रोकथाम र व्यवस्थापन लागि Package of Essesntial Non-Communicable (PEN) Disease Interventions लाई विस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरीने छ ।
- स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ्य हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु स्थापना गरीनेछ
- नियमित स्वास्थ्य परीक्षण जस्ता कृयाकलापहरू स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ ।

**नीति : १८ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ ।**

- गाउँपालिकामा निर्माण हुने हरेक क्षेत्रगत नीतिमा स्वास्थ्यको विषयलाई महत्वका साथ समाबेश गरीने छ ।
- बहुक्षेत्रीय, बहुपक्षीय समन्वय र सहकार्य प्रणाली स्थापना गरी अन्तर संस्थागत समन्वय सुनिश्चित गरीनेछ ।

**नीति : १९ स्वास्थ्य सेवालाइ सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिका भित्र एक अस्पताल तथा जनसंख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था/केन्द्र हरुको व्यवस्था गरिनेछ ।**

- लुम्बिनी प्रदेश सरकारको हरेक स्थानीय तहमा १५ शैयाको अस्पताल बनाउने नीति अनुरुप यस गढवा गाउँपालिकामा १५ शैयाको अस्पतालभवन निर्माण कार्य सुरुवात गरि ५ बर्ष को अबधीमा अस्पताल सन्चालन गरिने छ ।
- सुरक्षित वर्थिङ्ग सेन्टर र खोप केन्द्रमा फर्निचर व्यवस्था गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सामुदायिक स्वास्थ्य ईकाई, स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ ।
- प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, इन्टरनेट सेवा उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ ।
- प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, उत्कृष्ठ अभियान शुरुगरि क्रमबद्ध रुपमा बिस्तार गरिने छ ।
- आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि औषधी खोप तथा अन्य स्वास्थ्य सामाग्रीहरूको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ । औषधिको गुणस्तर

र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन र नियमनको ब्यवस्था गरिनेछ ।

- गाउँपालिकाभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, बिजुली (वैकल्पिक व्यवस्था सहित), मापदण्ड अनुसार फोहोरमैला बिसर्जन गर्ने व्यवस्था गरिने छ ।

## ७. संस्थागत संरचनाः

- नीति कार्यान्वयनका लागि गढवागाउँपालिकाको नेतृत्वमा गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि अस्पताल/प्रा.स्वा.के., स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक ईकाई जस्ता स्वास्थ्य संस्थाहरु रहनेछन ।
- मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु संग क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार शहरी स्वास्थ्य केन्द्र र साामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा नीतिगत सामञ्जस्यता कायम गर्न, स्वास्थ्यका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा आवश्यकता अनुसार निर्देशन प्रदान गर्न गाउँपालिकातहमा निर्देशक समिति वा अन्य संयन्त्रको व्यबस्था गरिनेछ ।

## ८. आर्थिक पक्षः

यस नीतिको कार्यान्वयन मूलतः गढवागाउँपालिकाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न गढवागाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## ९. अनुगमन र मूल्यांकनः

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडासमितिहरु एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## १०. नीति कार्यान्वयनको कार्ययोजनाः

नीति कार्यान्वयनका लागि गढवागाउँपालिकाले आवश्यक ऐन, निर्देशिका, कार्यबिधी आदि तर्जुमा गर्नेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन, कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन योजना बनाउने छ । यही योजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## ११. जोखिमः

राज्यको पुनःसंरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, गढवागाउँपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोत गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । यद्यपी उल्लेखित जोखिमको बाबजुद नगरवासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न गढवागाउँपालिकाको स्वास्थ्य नीति २०७७८को प्रभाबकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।

आज्ञाले
लाल बहादुर योगी
प्रमुख प्रशासकिय अधिकृत